Rede bij de herdenkingsbijeenkomst
georganiseerd door het Koninklijke Nepalese Consulaat
aan de Keizersgracht 566 te Amsterdam
14.00 uur op zondag 10 juni 2001

George van Driem

यहाँ उपस्थित दाजू-भाइ तथा दीदी-बहिनीहरू, आमा बुवा तथा सम्पूर्ण सदस्यहरू मा मेरो हार्दिक नमस्कार ।
सबैभन्दा पहिले म घटनाको बारेमा आफुले सुनेको कुराहरू र केहि वास्तविकताहरू बताउन जाँदैछु ।

२०५८ जेठ १९ गते शुक्रवार बेलुकी बबर महलको आँगनमा हामी साथीहरू डान्स पार्टी मनाइ रहेका थियौं ।
पार्टी शुरु हुनै लागेको समयमा स्वर्गीय श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको नातेदारवाट दरबारमा केहि असामनीय घटना घटेको विषयमा टेलिफोन आयो ।
यतिकैमा अर्को एकजना हाम्रो साथीले आफ्नो मोबिलवाट दरबारमा फोन गर्न प्रयास गर्यो तर सबै दरबारका तीनवटै कोड नम्बरहरू व्यस्त थिए ।
उसको अनुभवमा केहिलै पनि दरबारका तीनवटै कोड नम्बरहरू व्यस्त हुने थिएनन् ।

त्यसपछि उ तुरन्त विरेन्द्र सैनिक अस्पताल छाउनी को बाटो लाग्यो किनभने उसलाई थाहा थियो कि यदि दरबारमा कुनै घटना घटेमा राजपरिवारका सदस्यहरूलाई त्यहाँ पुर्याइन्थ्यो ।
त्यसपछि हाम्रो डान्स पार्टी त्यतिकैमा स्तब्ध भयो ।

भोलिपल्ट बिहान कुमार गोरख को भान्जा, स्वर्गीय श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणाको एकजना साथी र अन्य विभिन्न राजपरिवारमा सम्बन्धित मानिसहरूको तर्फवाट घटनाका सम्बन्धमा अतिरिक्त खबरहरू आउन थाले ।
सबैजनाको तर्फवाट उस्तै खबरहरू आउन थाले ।
तर ती नै खबरहरू जुन हामीले घटना घटनासाथै र घटेको १२ घण्टा पछि थाहा पाएका थियौं, जनमानसमा विभिन्न पत्र-पत्रिकाहरू जस्तै कान्तीपुर, नेपाल न्यूज, नेपाली टाइम्ज इत्यादि द्वार एक हप्ता पछि मात्र थाहामा आएको थियो ।
अझै धेरै विस्तृत विवरणहरू जुन हामीले आफ्ना साथीहरू माझमा थाहा पायौं, ती कुराहरू अझै विभिन्न माध्यमद्वार जनमानसमा आइ पुगेको छैनन् ।
शायद आउँदैनन् होला ।
आशा छ इतिहासका पानाहरूमा छापिने छन् ।

२०५८ जेठ २० गते शनिवार स्वर्गीय परम आदरणीय राष्ट्रनायक श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाह देव सरकार, स्वर्गीय श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार, स्वर्गीय श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाह सरकार, स्वर्गीय श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणा र स्वर्गीय श्री ५ शाहज्यादी जयन्ती राज्यलक्ष्मी देवी शाह का शवहरूलाई श्रद्धाञ्जलीको लागि विरेन्द्र सैनिक अस्पताल छाउनी अगाडिको खुला मैदानमा राखिएको अवस्थामा नेपाल टेलिभिजनले नजीकैवाट प्रसारण गरेको थियो ।

ती पार्थीव शरीरहरू मैले पनि आफ्नै आँखाले प्रत्यक्ष रूपमा नजीकैवाट देखें ।

त्यही दिन राती ८ बजे देखि नेपाल टेलिभिजनले पशुपतीनाथको आर्यघाटमा अन्तिम संस्करणको दृश्यहरू प्रत्यक्षहरूमा प्रस्तुत गरेको थियो ।

तीनजना राजपरिवारकै सदस्यहरू स्वर्गीय श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाह देव सरकारका दीदी श्री ५ अधिराजकुमारी शान्ति राज्यलक्ष्मी देवी सिंह, र स्वर्गीय श्री ५ महाराजधिराज

विरेन्द्र वीर विक्रम शाह देव सरकारका बहिनी श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी देवी शाह र उहाँको श्रीमान कुमार खड्ग विक्रम शाह का पार्थीव शरीरहरूलाई त्यसै दिनमा अन्तिम संस्करण गरियो ।

त्यसै घटनामा घटिएका दुईजना अन्य सदस्यहरू भूतपूर्व अधिराजकुमार श्री ५ महाराजधिराज दीपेन्द्र वीर विक्रम शाह देव सरकार र स्वर्गीय श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाह देव सरकारका भाइ धिरेन्द्र शाह मृत्युको मुखमा पुग्न लागेका थिए । अन्य सदस्यहरू राजकुमारी हेलेन राणाका छोरी श्रीमती केतकी चेस्टर, स्वर्गीय श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणाको श्रीमान कुमार गोरख राणा, श्री ५ अधिराजकुमारी कोमल राज्यलक्ष्मी देवी शाह ( वर्तमान वडामहारानी ), श्री ५ अधिराजकुमारी शोभा राज्यलक्ष्मी देवी र स्वर्गीय श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणाको छोरी गिर्वाणी पनि उक्त घटनामा हताहत भएका थिए ।

औपचारिक सूचना अनुसार भूतपूर्व अधिराजकुमार स्वर्गीय श्री ५ महाराजधिराज दीपेन्द्र वीर विक्रम शाह देव सरकार २०५८ जेठ २१-२२ गते को राती स्वर्गरोहण भइ बक्सनु भएको थियो ।

तर वास्तवमा उहाँ २ दिन अगाडी नै स्वर्गरोहण अथवा ‘klinisch dood’ भइ बक्सि सकेको थियो ।

२०५८ जेठ २२ गते दिउँसो उहाँको शवलाई पूर्व सूचना बिना कर्फ्यु लागेको समयमा पल्टनको ट्रकमा छाउनीवाट रिङ रोड हून्दै अन्तिम संस्करणको लागि पशुपतिनाथको आर्यघाटमा पुर्याइयो ।

त्यसै दिन दिउँसो श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाह देव सरकार नेपालको राजगद्दीमा राज्यरोहण गरि बक्सियो र हनुमान ढोका को दरबारवाट न्यू रोड, रत्न पार्क र दरबार मार्ग हून्दै नारायणहिटी दरबार को दक्षिण अथवा मूलढोकाद्वार सवारी गरि बक्सियो ।

त्यसै दिन दिउँसो स्वर्गीय श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाह देव सरकारका भाइ धिरेन्द्र शाहको विरेन्द्र सैनिक अस्पताल छाउनी मा स्वर्गरोहण भयो ।

प्रत्येक व्यक्तिहरूको घटनाको सम्बन्धमा भएको फरक-फरक काल्पनिक विचारहरूको आदान-प्रदानले काठमाण्डू गुञ्जायमान हून पुगेको थियो ।

प्राय:जसो मानिसहरूको विचारमा राजपरिवारभित्र आकस्मिक रूपमा घटेको यो अविस्मरणीय वेदनापूर्ण घटना एउटा ठूलो षड्यन्त्र थियो ।

कोहि भन्थे यो षड्यन्त्रमा CIA र पल्टनको सम्लग्नता छ ।

कोहि भन्थे पारसको त कोहि भन्थे ज्ञानेन्द्रको ।

जनमानसले यस्ता कुराहरू कल्पना गर्न सक्छन किनभने उनीहरू माझ पर्याप्त मात्रामा समाचारहरू पुग्न सकेका थिएनन् ।

गर्दा गर्दै जनमानसमा धेरै हल्लाहरू चल्न थाल्यो जस्तै काठमाण्डू महानगरपालिकाले वितरण गर्ने पिउने पानीमा विख समावेश छ । दुधमा पनि विख मिसाइएको छ, जसले गर्दा त्यस दिन काठमाण्डूको कुनै पनि पसलहरूमा दुधको बिक्री वितरण भएन ।

कुनै कुनै मान्छेले त एक दिनको लागि पानीको सट्टा बियर कोला इत्यादि ले गुजारा गरे ।

कोहि भन्थे माओवादीले दुध र पानीमा विख मिसाइ दिएको छ रे ।

कोहि भन्थे गिरिजा प्रसाद कोइरालाका सहायकहरूले ।

२०५८ जेठ २२ गतेको जुलुसमा घण्टाघर अगाडि सातजनाको गोली लागेर मृत्यु भएको थियो ।

ती सातजना पारस सरकारले सवारी गर्दा उहाँको गोलीको शिकार बन्न पुगेका थिए भन्ने हल्ला पनि सुनियो ।

विभिन्न किसिमका वास्तविक र अवास्तविक कुराहरू जनमानसमा फिंजिन्दै थियो ।
सबै जनता अन्योलमा परेका थिए ।
स्वर्गीय श्री ५ महाराजधिराज दीपेन्द्र वीर विक्रम शाह देव सरकारका व्यक्तिगत चिकित्सक श्री उपेन्द्र देवकोटालाई पनि मारेको हल्ला चल्न थाल्यो ।

सरकारको तर्फवाट प्रसारित अपर्याप्त समाचार र जनमानसमा अवास्तविक तथा काल्पनिक हल्लाको कारणले गर्दा पनि धेरै निर्दोषहरूले आफ्नो ज्यान गुमाउनु पर्यो ।

हल्लै हल्लामा गुञ्जिएको काठमाण्डूमा सानातिना वास्तविक समाचारहरू हावामै बिलाएर गए ।
जस्तै कुमार खड्ग विक्रम शाहको ९२-यौं वर्षकी आमाको दरबारमा घटेको दु:खमय सूचना सुनेर मृत्यू भयो ।
यो खबर शायद कमैले सुने होला ।
सबै शवयात्रीहरू आँखावाट आँसुका ढिक्का खसाल्दै एकै स्वरमा आफ्नो प्रीय राजा अमर रहून् भन्दै
“ हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ । ”,

" हत्यारालाई फाँसि दे ।फाँसि दे ।",
" श्री ५ विरेन्द्र अमर रहून् ।अमर रहून् ।",
" गिरिजा चोर देश छोड ।" र " पारस देश छोड ।"
जस्ता नाराहरू गुञ्जाउँदै थिए ।

सारै दु:खको कुरा हो, नेपालको इतिहासमा पहिलो पटक घटेको यति ठूलो घटनाले सारा नेपालीहरूको परेला भिजेका छन् ।
सबैलाई दु:ख को अनुभव महसूस भएको छ ।
हरेक घटना जब घट्छ त्यो इतिहास भएर रहन्छ ।
त्यसलाई फेरि फर्काएर ल्याउन हाम्रो हातको कुरा होइन ।
शायद यो घटनाले सबैलाई जङ्ग बहादुर राणाको कोतको हत्याकाण्डको याद दिलाउन सक्छ तर फरक यति नै छ कि कोतको हत्याकाण्डको कुनै निश्चित राजनैतिक उद्देश्यहरू थिए र त्यो घटाउनको लागि पूर्व तयारीहरू पनि गरिएको थियो ।
घटना सुन्दा कताकता अमेरिकाको माध्यमिक विद्यालयमा हुने विद्यार्थी विद्यार्थी बीचको गोली हानाहान जस्तो लाग्छ ।
आँसुका ढिक्का जति बगाए पनि इतिहास फर्काउन सकिन्न ।
हामी मात्र केहि आशा गर्न सक्छौं कि ...

परम आदरणीय राष्ट्रनायक स्वर्गीय श्री ५ महाराजधिराज विरेन्द्र वीर विक्रम शाह देव सरकार

स्वर्गीय श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार

स्वर्गीय श्री ५ महाराजधिराज दीपेन्द्र वीर विक्रम शाह देव सरकार

स्वर्गीय श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाह सरकार

स्वर्गीय श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणा

स्वर्गीय श्री ५ अधिराजकुमारी शान्ति राज्यलक्ष्मी देवी सिंह

स्वर्गीय श्री ५ अधिराजकुमारी शारदा राज्यलक्ष्मी देवी शाह

स्वर्गीय श्री ५ शाहज्यादी जयन्ती राज्यलक्ष्मी देवी शाह

स्वर्गीय धिरेन्द्र विक्रम शाह र

स्वर्गीय कुमार खड्ग विक्रम शाह को

अप्रत्याशित तथा असमयिक निधन भएको यस अत्यन्त दु:खद, वेदनापूर्ण घडीमा मौसूफहरूका आत्माको चिरशान्तिको लागि परमपिता परमेश्वरसंग कोटी-कोटी प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

उहाँहरूको आकस्मिक स्वर्गरोहणले हामी सहित सम्पूर्ण नेपालीहरू मर्माहत भएको छौं ।

यस अपूरणीय क्षती सहन सक्ने शक्ति हामी सबैमा प्राप्त होस् भन्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँहरूको सम्झनामा एक मिनट मौन धारण गरौं ।

*Nederlandse samenvatting*

Dames en heren, ik heet U allen welkom.
Ten eerste wil ik omtrent het gebeurde enkele feiten vertellen en ook wat ik zelf heb gehoord.

Op de avond van vrijdag 19 Jyeṣṭha 2058 (1 juni 2001) hadden wij een dansfeest in het hof van Babar Mahal. Kort nadat het feestje begonnen was, kwam er een telefoontje van iemand die geparenteerd is aan wijlen H.M. Koningin Aiśvarya Rājyalakṣmī Devī Śāh dat er iets vreselijks gebeurd was in het paleis. Een andere vriend probeerde toen op zijn mobiel het paleis te bereiken maar alle drie codenummers van het paleis waren bezet. Hij had nooit eerder meegemaakt dat alle drie de codelijnen van het paleis tegelijk bezet waren, en hij vertrok onmiddellijk naar het Virendra Militair Ziekenhuis in Chāunī om te kijken wat er aan de hand was omdat hij wist dat indien een lid van de koninklijke familie iets zou overkomen, hij of zij daarheen gebracht zou worden. Intussen werd het dansfeest afgelast, eigenlijk voordat het echt op gang gekomen was.

De volgende ochtend bereikten ons allerlei berichten van een neef van Kumār Gorakh, een vriend van H.K.H. Prinses Śrutī Rājyalakṣmī Devī Rāṇā, maar ook van verschillende andere mensen die aan de koninklijke familie geparenteerd waren of die met de koninklijke familie bevriend waren. De strekking en inhoud van de berichten was allemaal ongeveer hetzelfde. Maar het heeft ruim een week geduurd voordat alle details die wij toe in intieme kring al wisten officieel wereldkundig zouden worden gemaakt in artikelen in Kāntipur, Nepal News, Nepali Times en elders. Een aantal belangrijke details die wij toen in intieme kring te weten waren gekomen, worden nog steeds niet in de kranten vermeld maar zullen in de toekomst wellicht in boeken over deze grote tragedie in de moderne geschiedenis van Nepal komen te staan.

Op zaterdag 20 Jyeṣṭha 2058 (2 juni) tijdens de rouwdienst liet de Nepalese televisie van dichtbij het stoffelijk overschot van Z.M. Koning Virendra Vīr Vikram Śāh, H.M. Koningin Aiśvarya Rājyalakṣmī Devī Śāh, Z.K.H. Prins Nirājan Vīr Vikram Śāh, H.K.H. Prinses Śrutī Rājyalakṣmī Devī Rāṇā en van H.K.H. Prinses Jayantī Rājyalakṣmī Devī Śāh. Even later heb ik ook in levende lijve deze vijf zwaar verminkte koninklijke lijken van dichtbij mogen aanschouwen. Later diezelfde avond heeft de Nepalese televisie de crematie uitgezonden van Āryaghāt in Paśupātināth tempel.

Drie andere overleden familieleden die niet voor een staatscrematie in aanmerking kwamen zijn ook op diezelfde dag gecremeerd. Dit waren H.K.H. Prinses Śānti Rājyalakṣmī Devī Siṃha (de oudere zuster van Z.M. Koning Virendra), H.K.H. Prinses Śāradā Rājyalakṣmī Devī Śāh (een jongere zuster van Z.M. Koning Virendra) en haar echtgenoot de heer Kumār Khaḍga Vikram Śāh. Twee gewonden die later zouden sterven waren Z.K.H. Kroonprins Dīpendra Vīr Vikram Śāh en de heer Dhirendra Śāh (een jongere broer van Z.M. Koning Virendra). Andere gewonden waren mevrouw Ketakī Chester (dochter van Z.K.H. Prins Vasundhara Śāh en H.K.H. Princess Helen Rāṇā), de heer Kumār Gorakh Rāṇā (echtgenoot van wijlen H.K.H. Prinses Śrutī Rājyalakṣmī Devī Śāh Rāṇā), en H.K.H. Prinses Komal Rājyalakṣmī Devī Śāh (thans H.M. Koningin Komal) en H.K.H. Prinses Shobhā Rājyalakṣmī Devī, en H.K.H. Girvāṇī (baby dochtertje van wijlen H.K.H. Prinses Śrutī Rājyalakṣmī Devī Rāṇā).

Officieel is Kroonprins Dīpendra Vīr Vikram Śāh in de nacht van 21 op 22 Jyeṣṭha (oftwel in de nacht van 3 op 4 juni) overleden. In feite was hij ruim twee dagen al klinisch dood. Zijn stoffelijk overschot is die dag, 22 Jyeṣṭha (4 juni), in alle stilte tijdens het uitgaansverbod via de Ringweg naar Paśupātināth tempel gebracht, alwaar hij op de Āryaghāt is gecremeerd. Diezelfde middag heeft Z.K.H. Prins Jñānendra (de jongere broer van wijlen Z.M. Koning Virendra) in Hanumānḍhokā de troon van Nepal bestegen, waarna hij in een zwaar bewaakte stoet via New Road, Ratna Park en Darbār Mārg naar het Nārāyaṇhitī Paleis reed. Diezelfde middag is de heer Dhirendra Śāh (een andere jongere broer van wijlen Z.M. Koning Virendra) 's middags in het Virendra Militair Ziekenhuis te Chāunī aan zijn verwondingen overleden.

Intussen gonsde het in Kathmandu van uit de lucht gegrepen geruchten. Een samenzwering, betrokkenheid van de CIA, al het water van de stad Kathmandu was vergiftigd en mocht niet gedronken worden, alle melk in de stad Kathmandu was vergiftigd en er werd ook nergens meer melk verkocht, de vergiftingen waren een aanslag gepleegd door de Maoisten volgens sommigen, volgens anderen weer door de handlangers van de premier Girijā Prasād Koirālā, Prins Pāras zou zeven mensen in een demonstratie eigenhandig doodgeschoten hebben, Upendra Devkoṭā de lijfarts van wijlen Z.M. Koning Dīpendra Vīr Vikram Śāh zou vermoord zijn. De ongeregeldheden waren in hoofdzaak te wijten aan de trage en ontoereikende berichtgeveing van overheidswege en aan de niet aflatende stroom geruchten, die vele mensen het leven hebben gekost.

In alle rumoer kregen kleinere serieuze berichten weinig aandacht, b.v. dat de 92-jarige moeder van Kumār Khaḍga Vikram Śāh op 2 juni aan shock overleed toen ze vernam wat in het paleis voorgevallen was. Mensen die met de rouwstoet meeliepen en de crematie bijwoonden scandeerden leuzen zoals 'Onze koning en ons land zijn ons dierbaarder dan ons eigen leven!' (een leus die ik vroeger in dorpen en op schoolpleinen hoorde maar sinds 1990 niet meer gehoord werd), 'De boosdoener ophangen!', 'Lang leve Z.M. Koning Virendra!', 'Girijā, dief, verlaat het land!' en 'Pāras, verlaat het land!'.

Deze droeve gebeurtenis is zonder precedent in de Nepalese geschiedenis. Maar gedane zaken nemen geen keer en worden nou eenmaal deel van de geschiedenis. Bij sommigen zal het incident herinnering aan de koninklijke slagpartij in de Kot bij Hanumānḍhokā die uitgevoerd werd onder leiding van Jaṅg Bahādur Rāṇā in het midden van de 19e eeuw. Die episode in de Nepalese geschiedenis laat zich echter niet goed vergelijken met het gebeurde. Bij de slagpartij in de kot hadden de daders zeer specifieke politieke

doelstellingen voor ogen en de slagpartij vergde ook de nodige voorbereiding. Het zojuist voltrokken incident lijkt veel meer tot het genre te behoern van schietpartijen door onvolwassen scholieren op Amerikaanse high schools. Hoezeer het gebeurde ons allen heeft beroerd, wij kunnen alleen maar hopen dat de zielen van

Z.M. Koning Virendra Vīr Vikram Śāh
H.M. Koningin Aiśvarya Rājyalakṣmī Devī Śāh
Z.M. Koning Dīpendra Vīr Vikram Śāh
Z.K.H. Prins Nirājan Vīr Vikram Śāh
H.K.H. Prinses Śrutī Rājyalakṣmī Devī Rāṇā
H.K.H. Prinses Śānti Rājyalakṣmī Devī Siṃha
H.K.H. Prinses Śāradā Rājyalakṣmī Devī Śāh
H.K.H. Prinses Jayantī Rājyalakṣmī Devī Śāh
de heer Dhirendra Vikram Śāh
de heer Kumār Khaḍga Vikram Śāh

eeuwige rust zullen vinden. Hun plotselinge heengaan heeft ons allemaal bedroefd. Laten we daarom ter nagedachtenis aan de koninklijke familie één minuut stilte houden.